कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

रुकुम (पश्चिम) नेपाल

सम्पर्क नं.०८८५३००१९
Email:akcrukumw@gmail.com

पत्र संख्या २०७८/७९
चलानी नं.

प्रथम पटक सूचना प्रकाशित मितिः२०७८/०५/२०

## सदरमुकाम लक्षित तरकारी आत्मनिर्भर कार्यक्रमको प्रस्ताव आव्हान सम्वन्धी सूचना

यस कृषि विकास कार्यालय रुकुम पश्चिमको आर्थिक बर्ष २०७८/७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार सदरमुकाम लक्षित तरकारी आत्मनिर्भर कार्यक्रममा अनुदान कार्यक्रम का लागि अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुदा मुसिकोट नगरपालिकाका इच्छुक कृषक, कृषक समूह/कृषि सहकारी कृषि फर्म तथा उद्यमीहरुबाट माग आवेदन आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिन (२०७८ असोज १० गते) भित्र यस कृषि विकास कार्यालयमा तपशिलका कागजातहरु सहित आवेदन प्रस्ताव आव्हान गरिएको छ यस सम्वन्धी थप जानकारीका लागि सम्पर्क नं. ९८५७८२००३७ र ९८५८०३७६७८ मा सम्पर्क गर्न हुन समेत जानकारी गराईन्छ ।

आवश्यक कागजातहरु

१) सदरमुकाम वा आसपासका क्षेत्रमा तरकारी व्यवसाय गरिरहेका वा गर्न चाहने कृषक/कृषि उद्यमी हुनुपर्ने
२) व्यवसायीक रुपमा तरकारी खेती वा उत्पादनमा संलग्न भएको ।
३) बजारको माग अनुसार तरकारी उत्पादन गर्ने ।
४) कम्तिमा २ रोपनी क्षेत्रफलमा तरकारी खेती गरेको र बेमौसमी तरकारी खेतीका लागि २ दुई वटा प्लाष्टिक घर भएको ।
५) तरकारी उत्पादन गर्ने जमिनको लालपूर्जाको प्रतिलिपी
६) मल व्यवस्थापनका लागि कम्पोष्ट खाडल वा भकारो सुधार भएको ।
७) सम्वन्धित स्थानीय तहको सिफारिस ।
८) समूह/सहकारी तथा निजी फर्मको हकमा गत आ.व.को संस्थाको लेखा परिक्षण र कर चुक्ताको प्रमाणपत्र
९) भूमि व्यवस्था, कृषि तथा सहकारी सम्वन्धी कार्यक्रम संचालन तथा व्यवस्थापन एकिकृत कार्यविधि २०७८ को अनुसूची ४ अनुसारको निवेदन ।
१०) प्रतिवद्धता पत्र र आयोजना संग सम्वन्धी अन्य आवश्यक कागजातहरु ।

..................
निमित्त कार्यालय प्रमुख